<u>प्रदेश मन्त्रिपरिषद् बैठक नं. ५४/२०७६ का निर्णयहरु:-</u>

१. सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषलाई रकम उपलब्ध गराउने तथा कोषको कार्यकारी निर्देशकको शपथग्रहण सम्बन्धी विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/३५/१६५–२०७६/०३/२६ को प्रस्तावमा देहायबमोजिम गर्ने:-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

२. सामुदायिक पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका,२०७६ लाई स्वीकृति प्रदान गर्ने सम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२५/१६६–२०७६/०३/२६ को प्रस्तावमा देहायबमोजिम गर्ने:-

"सामुदायिक पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७६" मा देहायबमोजिम परिमार्जन गर्ने:-

"१. दफा ९ संग सम्बन्धित अनुसूची १(क) मा उल्लेखित विवरण खण्ड-१ र विवरण खण्ड-२ का प्रावधानहरु प्रस्ताव पेश गर्ने संस्थाहरुका लागि पूर्व योग्यताको शर्तहरु (Pre-requisite conditions) को रुपमा कायम गर्ने ।

२. दफा ९ संग सम्बन्धित अनुसूची १(क) मा उल्लेखित विवरण खण्ड-३ देखि विवरण खण्ड-११ सम्म उल्लेखित शीर्षक, उपशीर्षकहरुमा प्रस्ताव मुल्याङ्कनको लागि "उत्तम, मध्यम र न्यून" वर्गिकरणसहितको उचित अंकभार (Weightage) कायम गर्ने ।

३. दफा ९ संग सम्बन्धित अनुसूची-१ (ख) को विवरण खण्ड-१ र विवरण खण्ड-२ मा गुणस्तर र लागत विश्लेषणका आधारमा प्रस्ताव मुल्याङ्कनको लागि "उत्तम, मध्यम र न्यून" वर्गिकरणसहितको उचित अंकभार (Weightage) कायम गर्ने ।

४. दफा १० को उपदफा ४ संग सम्बन्धित अनुसूची-२ को खण्ड (१) को उपखण्डहरुमा उल्लेखित शीर्षकहरुलाई विभिन्न उपशीर्षकमा विभाजन गरी प्रस्ताव मुल्याङ्कनका लागि "उत्तम, मध्यम र न्यून" वर्गिकरणसहितको उचित अंकभार कायम गर्ने ।"

३. प्रदेश उच्च शिक्षासम्बन्धी कार्यदल गठनसम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२६/१६७-२०७६/०३/२६ को प्रस्तावमा देहायबमोजिम गर्ने:-

"प्रदेश उच्च शिक्षासम्बन्धी कार्यदल गठन कार्यविधि" मा देहायबमोजिम परिमार्जन गरी अन्य कुरा प्रचलित कानूनको अधिनमा रही प्रस्ताव भएबमोजिम गर्ने:-

"१. दफा ६ को सट्टामा देहायको दफा ६ राख्ने:-

"६. <u>पारिश्रमिक, सेवा, सुविधासम्बन्धी व्यवस्था</u>:- कार्यदलका संयोजकलाई प्रचलित कानूनबमोजिम रा.प. विशिष्ट श्रेणीका कर्मचारीहरुले पाए सरह र सदस्यहरुलाई रा.प.प्रथम श्रेणीका कर्मचारीहरुले पाए सरह पारिश्रमिक, दैनिक भ्रमण भत्ता, बैठक भत्ता र इन्धन खर्च उपलब्ध गराइने छ । कार्यदलका सदस्य सचिव र कार्यदलमा व्यवस्थापकीय सहयोगमा खटिने अन्य कर्मचारीहरुलाई पदीय श्रेणी/तह बमोजिम तोकिएको सेवा, सुविधा उपलब्ध गराइने छ । सेवा, सुविधावापत हुने खर्च सामाजिक विकास मन्त्रालयको स्वीकृत बार्षिक बजेटको सम्बन्धित खर्च शीर्षकबाट उपलब्ध गराइने छ ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश